आज मिति २०७५/३/२२ गते शुक्रबारका दिन यस आलिताल गाउँपालिकाको दोस्रो गाउँ सभा बैठक अध्यक्ष श्री बलबहादुर गुरुङ्ग ज्यू , को अध्यतामा गाउँ कार्यपालिकाको सभाहलमा बस्यो । जस्को उपस्थिति, प्रस्ताव र निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

उपस्थिति :

| सि.नं. | पद | नाम, थर | २०७५/३/२२ उपस्थिति | २०७५/३/२३ |
|---|---|---|---|---|
| १ | अध्यक्ष | बल बहादुर गुरुङ्ग | | |
| २ | उपाध्यक्ष | जला कुमारी विष्ट वोगटी | | |
| ३ | सदस्य | पूर्ण बहादुर ऐर | | |
| ४ | सदस्य | जनक बहादुर मल्ल | | |
| ५ | सदस्य | लोकेश महरा | | |
| ६ | सदस्य | चन्द्रदेव बोहरा | | |
| ७ | सदस्य | प्रकाश सिंह बोहरा | | |
| ८ | सदस्य | कुम्भर बुढा | | |
| ९ | सदस्य | विर बहादुर बोहरा | | |
| १० | सदस्य | गणेश बहादुर थापामगर | | |
| ११ | सदस्य | धनमती देवी थापामगर | | |
| १२ | सदस्य | गोमती बोहरा | | |
| १३ | सदस्य | गोमती देवी पार्की | | |
| १४ | सदस्य | कृष्णा देवी रानामगर | | |
| १५ | सदस्य | गणेश बहादुर कामी | | |
| १६ | सदस्य | बीरे ओड | बीरे ओड | बीरे ओड |
| १७ | सदस्य | सुरमती देवी बोहरा | | |
| १८ | सदस्य | गोपाल सिंह देउवा | | |

आमन्त्रित:

प्रमुख अतिथी: प्र.स.स. सदस्य श्री जानकी देवी दमाई

आलिताल गाउँपालिका तेस्रो गाउँ सभा २०७५ नीतिगत निर्णयहरू

| | | | 2075/3/22 | 2075/3/23 |
|---|---|---|---|---|
| १९ | सदस्य | राम बहादुर खड्का | | |
| २० | सदस्य | कृष्ण बहादुर बोगटी | | |
| २१ | सदस्य | रामी थापामगर | | |
| २२ | सदस्य | सुमित्रा देवी सार्की | | |
| २३ | सदस्य | सुनिता बोहरा धामी | | |
| २४ | सदस्य | जानकी पार्की | | |
| २५ | सदस्य | दान बहादुर साउँद | | |
| २६ | सदस्य | बल बहादुर बुढामगर | | |
| २७ | सदस्य | गोमती नेपाली | | |
| २८ | सदस्य | छविलाल मडै | | |
| २९ | सदस्य | पुने विष्ट | | |
| ३० | सदस्य | खण्टी देवी विष्ट | | |
| ३१ | सदस्य | रत्ना साउँद | | |
| ३२ | सदस्य | पदमा वि.क. | | |
| ३३ | सदस्य | कृष्ण बहादुर मडै | | |
| ३४ | सदस्य | गंगादेवी ओली | | |
| ३५ | सदस्य | महामती देवी कामी | | |
| ३६ | सदस्य | डम्मर बहादुर कार्की | | |
| ३७ | सदस्य | मिन बहादुर कुँवर | | |
| ३८ | सदस्य | लक्ष्मी रोका मगर | | |
| ३९ | सदस्य | अमर धामी | | |
| ४० | सदस्य | डम्मर पार्की | | |
| ४१ | सदस्य | टेकराज भट्ट | | |
| ४२ | [illegible] | हरिता ऐरी | | |

आलिताल गाउँपालिका तेस्रो गाउँ सभा २०७५ नीतिगत निर्णयहरू

| | | | 2075।3।22 | 2075।3।23 |
|---|---|---|---|---|
| ४२ | सदस्य | धन बहादुर देउवा | | |
| ४३ | सदस्य | गंगा सार्की | | |
| ४४ | सदस्य सचिव | नरेन्द्र सिंह ठगुन्ना | | |
| ४५ | स्रोत व्यक्ति | शेर बहादुर साउँद | | |
| ४६ | स्वास्थ्य संयोजक | धन बहादुर क्षेत्री | | |
| ४७ | ना.सु. | तुला दत्त जोशी | | |
| ४८ | ना.सु. | चन्द्रकान्त पाण्डेय | | |
| ४९ | ना.सु. | जयलाल सिंह शाहू | | |
| ५० | प्रा.स. | लक्ष्मण बहादुर कामी | | |
| ५१ | प्रा.स. | नर बहादुर कार्की | | |
| ५२ | प्रा.स. | भक्त बहादुर पान | | |
| ५३ | ना.प.स्वा.प्रा. | पदम सिंह ठगुन्ना | | |
| ५४ | अ.हे.व. | चन्द्रलाल चौधरी | | |
| ५५ | खरिदार | लाल बहादुर मडै | | |
| ५६ | वैद्य | सुरेन्द्र ठाकुर | | |
| ५७ | खरिदार | मेखराज जोशी | | |
| ५८ | खरिदार | मिना कुमारी थापामगर | | |
| ५९ | फिल्ड संयोजक | रामदत्त जोशी | | |
| ६० | असई | माधव प्रसाद भट्ट | | |
| ६१ | का.स. | नारायण सिंह ऐर | | |
| ६२ | का.स. | भवानी दत्त जोशी | | |
| ६३ | स्वा.प. | दिलरुपा ओली | | |
| ६४ | स्वा.प. | डम्मरी खत्री | | |
| ६५ | अ.न.मी. | नेत्र बहादुर मल्ल | | |
| ६६ | स.ई. | राजेन्द्र कु. रावल | | |
| ६७ | अ.स.ई. | राम ब. शाह | | |
| ६८ | [illegible] | [illegible] | | |

# आलिताल गाउँपालिका तेस्रो गाउँ सभा २०७५ नीतिगत निर्णयहरू

## आलिताल गाउँपालिका, डडेल्धुरा
## तेस्रो गाउँ सभा मिति २०७५ असार २२-२३ गते
## पारित निर्णयहरु:

निर्णय नं. १:

नेपाल र नेपाली जनताको मुक्ति, स्वतन्त्रता, न्याय र गणतन्त्र स्थापनाको निमित्त भएका सबै आन्दोलन र संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्ने समस्त बीर शहीदहरुलाई हृदय देखि नै सम्मान र स्मरण गर्दै सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

गाउँ कार्यपालिकाले आ.व. २०७५/०७६ को लागि तयार/प्रस्ताव गरेको आलिताल गाउँपालिकाको तपसिल बमोजिमका ऐन स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

तपसिल:

(क) आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७५,
(ख) आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०७५,

निर्णय नं. ३:

यस गाउँपालिकाका अध्यक्ष श्री बलबहादुर गुरुङ्ग द्वारा यस तेस्रो गाउँ सभामा प्रस्तुत गाउँपालिकाको आ.व. २०७५/०७६ को रु. २९ करोड २ लाख १७ हजार मात्रको बजेट, कार्यक्रम तथा अनुमानित आय-व्यय विवरण स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

गाउँ कार्यपालिका बोर्ड, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट राजस्व बाँडफाँड तथा वित्तिय समानिकरण अनुदान अन्तरगत ८ वटै वडाहरुमा ६० लाखका दरले विनियोजन गरिएको बजेट रु. ४ करोड ८० लाख बाट आ.व.२०७५/०७६ मा कार्यान्वयनको लागि वडाबाट प्राप्त हुने योजना तथा कार्यक्रमहरु र विषयगत शाखाबाट प्राप्त हुने विस्तृत योजना तथा कार्यक्रमहरु स्विकृत गरी कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

यस गाउंपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई यस आलिताल गाउँ कार्यपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा साविककै सेवा/समूह बमोजिम निरन्तरता दिने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

यस गाउँपालिका अन्तर्गत आयूर्वेद औषधालय, आलिताल तथा गाँखेत स्वास्थ्य चौकीमा कार्यरत अस्थायी एवं करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारको शसर्त अनुदान तथा गाउँपालिका अनुदानबाट सेवा सुविधा दिने गरि २०७६ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

यस गाउँ सभा पछि संघीय वा प्रदेश सरकार, जिल्ला समन्वय समिति एवम् अन्य निकायबाट प्राप्त हुने विशेष अनुदान तथा अन्य बजेटहरु आवश्यक्तानुसार बाँडफाँड तथा कार्यान्वयन गर्ने अख्तियारी गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

# आलिताल गाउँपालिका तेस्रो गाउँ सभा २०७५ नीतिगत निर्णयहरू

निर्णय नं. ८:

साविक आलिताल गाविस केन्द्र आलिताल-५, भावर (हाल गाउंपालिका केन्द्र), नेपाल सरकारद्वारा २०७३ सालमा राज्य पुनर्संरचनाको सिलसिलामा सोही स्थानलाई यस गाउँपालिकाको केन्द्र तोकिएको र उक्त स्थानमा गाउँपालिकाको कार्यालय लगायत अन्य भौतिक संरचनाहरु समेत निर्माण भई प्रयोग भईरहेको छ । गाउँपालिका केन्द्र अन्यत्र सार्ने उपयुक्त स्थान समेत नभएको र उक्त स्थानलाई स्थायी केन्द्रको रुपमा विकास गर्न जरुरी छ । गाउँपालिकाले ओगटेको उक्त क्षेत्र २०५२ सालमा नेपाल सरकारद्वारा गठित आयोग मार्फत नापी नक्सा गर्ने प्रक्रिया समेत भएकोमा आयोगको खारेजी पछि उक्त कार्य हालसम्म स्थगित रहेको छ । गाउँपालिकाकै महत्वपूर्ण सार्वजनिक स्थान हरेक दृष्टिकोणले सुरक्षित र व्यवस्थित गर्न आवश्यक भएको तर उक्त स्थान/परिसरमा साल तथा अन्य प्रजातिका जीर्ण तथा कमजोर अवस्थामा रहेका रुखहरु हावाहुरी चल्दा ढल्न गई ठूलो दुर्घटना तथा क्षति हुन सक्ने भएकोले कार्यालय परिसर असुरक्षित हुनुका साथै केन्द्र व्यवस्थापनमा समेत बाधा पुगीरहेकोले सम्भावित दुर्घटनालाई मध्यनजर गरी उक्त रुखहरु नियमानुसार व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो । सोको लागि आलिताल इलाका बन कार्यालय मार्फत हटाउनुपर्ने रुखहरुको नम्बरिङ तथा लगत तयार गरी आवश्यक प्रक्रिया सहित रुखहरु व्यवस्थापन लगायत उक्त जग्गाको भोगाधिकार प्राप्तिका लागि केन्द्र सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग तथा निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

यस गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक बनहरुबाट गत विगतमा काठ दाउरा संकलन भई जिल्ला बन कार्यालय डडेल्धुरामार्फत लिलाम बिक्री गरिएको र प्राप्त रोयल्टी रकम हालसम्म पनि नेपाल सरकारको धरौटी खातामा थन्किएको हुँदा उक्त रकम सम्बन्धित सामुदायिक बन उपभोक्ता समूहहरुलाई उपलब्ध गराउनतर्फ आवश्यक कारवाहीका लागि जिल्ला बन कार्यालय डडेल्धुरामार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न. १०:

यस गाउँपालिका क्षेत्र अन्तरगत् विगत देखि अत्यन्त ठूलो मात्रामा थन्किएर रहेका तथा खेर गई रहेका ढुङ्गा, गिट्टी तथा बालुवाको कारण नदीको बहाव रोकिन गई हुन गईरहेको धनजनको क्षति तथा जोखिमलाई मध्यनजर गरि तिनको सदुपयोग गर्न अति आवश्यक भएको हुंदा उक्त ढुङ्गा, गिट्टीको सदुपयोग तथा बिक्रि वितरण गरि राजश्व बृद्धि लगायत जोखिम न्युनिकरण गर्न नियमानुसार स्थानीय स्तरमा क्रसर उद्योग, ह्युमपाइप उद्योग स्थापना तथा सञ्चालन गर्न निजी लगानीकर्ताहरुलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:

यस गाउँ सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मध्ये कुनै कारणबस शीर्षक परिवर्तन वा रकमान्तर गर्नुपर्ने देखिएमा औचित्य खुलाई सो गर्ने अख्तियारी गाउँ कार्यपालिका बोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं.१२:

यस गाउँपालिका अन्तर्गतका आलिताल प्रहरी चौकी र गाङखेत प्रहरी चौकीको भवन निर्माण लगायत अन्य आवश्यक पूर्वाधार विकासका लागि जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३:

यस गाउँपालिका अन्तर्गतका निम्न सडकहरुलाई प्रदेशस्तरिय सडक योजनामा समावेश गरी आवश्यक कार्यान्वयनका लागि ७ नं. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निम्न:

(क) गैरा -गाङखेत- आलिताल सडक

(ख) आलिताल-चौडबण्डले-सेला-चिरकिट्टे सडक

(ग) घरेलु- खिन्नेभाडी-सलेता सडक

७ नं.प्रदेशको पहाडी जिल्लाहरुमा सबैभन्दा ठूलो र ऐतिहासिक ताल "आलिताल" लाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरी राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गराउन नेपाल सरकार संस्कृति तथा पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डमा अनुरोध गर्ने निर्णय गरियो । यसैगरी उक्त तालको संरक्षण, सम्बर्द्धन तथा विकासका लागि तालको संरक्षण तथा विकास गुरुयोजना निर्माण लगायत योजना कार्यान्वयनको लागि विशेष अनुदान उपलब्ध गराई दिन केन्द्र सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने, साथै राष्ट्रिय ताल विकास समिति, राष्ट्रपति चुरे तराई मधेश संरक्षण तथा विकास समिति लगायत अन्य सम्बन्धित संघसंस्थाहरुसँग समेत समन्वय, सहकार्य तथा सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१५:

नेपालको संविधान (२०७२) को धारा २१७ बमोजिम यस गाउँपालिकाको न्याय सम्बन्धी कामकाजहरु सम्पादन गर्न गठित तीन सदस्यीय .न्यायिक समिति निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री जला कुमारी विष्ट (बोगटी), गाउँपालिका उपाध्यक्ष
२. सदस्य : श्री धन बहादुर देउवा गाउँ सभा सदस्य
३. सदस्य : श्री रत्ना देवी साउँद गाउँ सभा सदस्य

निर्णय नं. १६:

गाउँ कार्यपालिका बैठकले हालसम्म गरेका सम्पुर्ण नीतिगत तथा योजना/कार्यक्रमगत निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७:

यस गाउँपालिका अन्तरगत् गत विगत लामो समयदेखि भोगचलनमा ल्याईएका, विगतमा नापी भई हाल सम्म जग्गाधनी प्रमाणपुर्जा उपलब्ध नभएका र नापी नक्शा हुन बाँकी रहेका सम्पुर्ण प्रति आवादी जग्गाहरुको नियमानुसार सम्बन्धित व्यक्ति वा संघ संस्थाहरुको नाउंमा नापी दर्ता गरि स्वामित्व प्रदान गर्न तर्फ आवश्यक कारवाहीकालागि नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८:

यस गाउँपालिका कार्यालयमा प्राप्त विभिन्न विषयगत् सरकारी निकाय तथा गै.स.स.हरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु स्विकृत गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १९:

आलिताल गाउँपालिकाको यस तेस्रो गाउँ सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

